बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily

वर्ष ६ अंक २६० १९ चैत २०७७ बिहीबार 01 April 2021 Thursday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ

होटल व्यवसायमा उत्साहजनक लगानी

प्यूठानमा ६ सय ५० होटलमा ४ अर्वको लगानी

प्युठान १८ चैत

प्यूठान जिल्लामा पछिल्लो समय होटल व्यवसायमा उत्साहजनक ढंगले लगानी हुन थालेको छ । जिल्लामा केहि वर्ष यता व्यावसायिक गतिविधि र पर्यटक बढ्न थालेपछि होटेलमा लगानी बढ्न थालेको हो ।

धार्मिकस्थल स्वर्गद्धारीको आधारशिविर भिंगृ सहित व्यापारिक केन्द्र विजुवार, बाग्दुला, जुम्रिबजार क्षेत्रमा स्तरीय होटलहरु संचालन हुने क्रम बढ्दै गएको हो । हाल जिल्लाभर साना ठूला गरी झण्डै ६ सय ५० वटा होटलहरु संचालनमा रहेको र उक्त होटलमा २ हजार जनाले प्रत्यक्ष रोजगार पाएको होटल व्यवसायी संघ प्यूठानका अध्यक्ष गन्ज बहादुर थापाले जानकारी दिनुभयो ।

उहाका अनुसार जिल्लामा स्तरीय होटेलको संख्या दुई दर्जन बढी छ । स्थानीयको लगानीमा खोलिएका ती होटलमा कुल लगानी ४ अर्व ५० करोड रुपियाँ देखिएको थापाले बताउनुभयो

होटल पानोरामिक हिलटपका सञ्चालक करन महराले पाहुनाको चाप, माग र आवश्यकताअनुसारको आवास सुविधा दिन होटलमा लगानी र सुविधा बढाइएको बताए ।आफुले होटलमा दुई करोड रुपियाँ लगानी गरेको उहाँको भनाई छ।



सरुमारानी– ४ बड्डाडामा सञ्चालन गरिएको होटल पानोरामिक हिलटप। तस्वीरः सलिम मियाँ

सडकको पहुँच र यातायातको सुविधाका कारण स्वर्गद्धारी लगायतका क्षेत्रमा पर्यटक बढेकाले होटलको संख्या र सुविधा बढ्दै गएको यहाँका व्यवसायी बताउँछन्।

गुल्मीमा ५३० रोपनी जग्गामा चक्लाबन्दी खेती

तिलाचन पाण्डे

गुल्मी १८ चैत

गुल्मीमा ५३० रोपनी जग्गामा चक्लाबन्दी खेती गर्न लागिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यन्वयन इकाई गुल्मीले जिल्लाका पाँच स्थानीय तहका ५३० रोपनी जग्गामा चक्लाबन्दी अर्थात गरा सुधार कार्यक्रम गर्न लागेको कार्यालयका प्रमुख नारायण काफलेले जानकारी दिनुभयो ।

इश्मा गाउँपालिकाको गुरुवाफाँटमा ७८ रोपनी ,मालिका गाउँपालिकाको किसानटारीमा ११२ रोपनी ,धुर्कोट गाउँपालिकाको कुमालटारीमा १३० रोपनी , गुल्मीदरबार गाउँपालिकाको गरमटारीमा ११० रोपनी र छत्रकोट गाउँपालिकाको हर्दिनेटामा १०० रोपनी जग्गामा चक्लाबन्दी खेती गर्न लागिएको काफलेले बताउनुभयो ।

कृषि यन्त्रहरुको प्रयोग गरी आधुनिक तरिकाबाट एउटै जात , एउटै वाली र एकैपटक वाली लगाउने गरी कार्यक्रम अगाडी बढाइएको हो । यसरी चक्लाबन्दी रुपमा खेती गर्दा उत्पादनमा बृद्धि हुने ,लागत कम र स्थानीय स्तरमानै रोजगारी सृजना गर्न सकिने कार्यालयले जनाएको छ ।

बिस्तारै सोही स्थानहरुलाई प्रशोधन केन्द्रको रुपमा पनि बिकास गर्दै लगिने काफलेले बताउनुभयो । कार्यालय र स्थानीय तहको सहकार्यमा चक्लाबन्दी कार्यक्रम गर्न लागिएको हो । कार्यालयको तर्फबाट पाँच स्थानीय तहका लागि १० लाखको दरले ५० लाख आर्थिक सहयोगमा गाउँपालिका र उपभोक्ताहरुको सहकार्यमा चक्लाबन्दी खेती हुनेछ ।

चक्लान्दी खेतीमार्फत खेती गर्दा कम लागत र धेरै उत्पादन गर्न सकिने इश्मा गाउँपालिका गुरुवा फाँटका कृषक सेरबहादुर कुँवरले बताउनुभयो । पहिले स्थानीयहरुलाई सम्झाउन र बुझाउन समस्या भएपनि पछि यसको महत्व र फाइदा धेरै हुने उहाँको भनाई छ । प्रत्येक गराहरुमा सिंचाइको सुबिधा , मिनिटिलर र ट्याक्टरहरु जान सकिने गरी गरा सुधार गरिएको कुँवरले बताउनुभयो ।

सोही गरा सुधार अर्थात चक्लाबन्दी कार्यक्रमको समन्वय प्रमुख लक्ष्मण पराजुली , प्रमुख जिल्ला अधिकारी रुद्रादेबि शर्मालगायतले अनुगमन समेत गर्नुभएको छ ।

प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालय प्रवेशमा रोक

दाङ १८ चैत

प्रमुख प्रशासकीय अधिकृतको बिषयलाई लिएर लमही नगरपालिकामा पुनः विवाद चर्कीएको छ । कार्यपालिका सदस्यहरुले पुन सरुवा भएर आउनुभएका प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र बहादुर डाँगीलाई कार्यालय प्रवेशमा रोक लगाउन आज दिनभर नगरपालिकाको मुल गेटमा पहरा दिएका हुन् । यस अघि करिब दुई वर्ष प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गरिसक्नुभएका डाँगीको कार्यशैली प्रति रुष्ट भएका जनप्रतिनिधिले २०७६ साल फागुन ६ गते उहाँलाई हटाउन माग राख्दै आन्दोलन गरेका थिए। आन्दोलनपछि सरुवा हुनुभएका डाँगी एक वर्ष नपुग्दै पुन नगरपालिकामै सरुवा भई आएका कारणस्वीकार गर्न नसकिने वडा नम्बर १ का अध्यक्ष नुमराज पौडेलले जानकारी दिनुभयो ।डाँगीलाई नगरपालिका प्रवेशमा रोक लगाउन वडा नम्बर १, २, ३, ६ र ८ का वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु गरि सत्र जनाले आज बिहान ९ बजे देखि बेलुका ५ बजेसम्म नगरपालिकाको गेट मै पहरा दिएका हुन् । सरुवा भै आउनु भएका प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र बहादुर डाँगीले आफु सरकारी कर्मचारी भएको र राज्यले सरुवा पत्र दिएर पठाएका कारण जनताको काम गर्न आएको प्रतिकृया दिनुभएको छ। नगर प्रमुख कुल बहादुर केसीले आर्थिक वर्ष सकिनै लाग्दा जम्मा १७ प्रतिशत मात्र काम भएको र प्रमुख प्रशासकीय अधिकृत नहुँदा विकासको काममा समस्या भएकोले वडा अध्यक्षहरुसँग वार्ता र छलफल गरेर समस्याको समाधान खोजिने बताउनुभएको छ।

सम्पादकीय

वार्ता र बाध्यता

अविश्वास र विश्वास दुवैको छिनोफानो हुने, टुङ्गो लाग्ने ठाउँ भनेकै वार्ताकै टेबुल हो । वार्तामा नबस्ने, बाहिरै बसेर बाझेर एक अर्कोलाई सराप्ने काम राम्रो हैन । जनि समय विताए पनि कुनै निचोड निस्कँदैन । मिल्ने उपाय खोजेर वार्तामा बस्ने हो भने मिल्छ र सकारात्मक नतिजा पनि निष्कन्छ । अविश्वासका आधार खोजेर, एकले अर्कालाई निल्ने सोच राखेर वार्तामा बस्ने हो भने मिल्दैन । मिल्नका लागि पनि द्वैपक्ष थाक्नु पर्ने रहेछ । विकल्पहीन अवस्थामा पुग्नु पर्ने रहेछ । बाध्यतामा नपरुञ्जेल कसैले कसैलाई टेर्ने रहेनछ । हेर्ने रहेन छ । हेर्ने र टेर्ने बनाउन, विश्वासको वातावरण मिलाउनका लागि पनि वार्तामा त बस्नै पर्छ । त्यही काम गरे थारुहट संघर्ष समिति र सरकारले । अविश्वास हटाउन् । विश्वास बढाउन् । द्वन्द्वको अवशेष नरहोस् । सफलता मिलोस् । शुभेच्छा छ ।

वर्तमान सरकार र सिके राउतका बीचमा भएको वार्ता सफल भएर टुङ्गियो । विप्लव समूह र सरकारका बीचको वार्ता पनि सफल रह्यो भन्नुपर्ने भएको छ । बाँकी थियो कैलाली काण्ड र थरुहट संघर्ष समितिका पक्षधरहरुको असन्तुष्टि । त्यसैलाई आधार बनाएर केही मधेशवादी दलहरुले बारम्बार निहुँ झिक्ने गरेका थिए । सजपा बनेपछि पनि त्यसैलाई निरन्तरता दिए । सरकार अहिले आफै सकसमा छ । सजपाको यादवपक्ष सुरुमै सरकारमा गएर फर्केको हो र ठाकुर महतोपक्ष अन्त्यमा जान आतुर छ । ठाकुर र महतो उक्लनका लागि पनि बाटो खुल्नु पर्‍यो । कुरा मिल्नु पर्‍यो । त्यही कुरा मिलाउनका लागि वार्ता गरिदैछ । राजनीतिमा सबैले आफ्नो पक्ष सबल र विपक्षीलाई दुर्बल बनाउन खोज्छन् नै । समान अवस्था र बाध्यता आइ परेपछि मिल्छन् । मिल्न पर्ने अवस्था तयार भएको छ । मिलुन् निहुँ नझिकुन् । सिके रावत र विप्लव समूहबाट पनि सिकुन् ।

कानुनका कुरा एकातिर र व्यवहारका विषय अर्कोतिर हुँदा विग्रेको थियो । कुनै बेला कानुनलाई प्राथमिकता र कुनै बेला व्यवहार र बाध्यातालाई प्रधानता दिनुपर्ने अवस्था आउँछ । कानुनका कुरा कुनातिर धकेलेर व्यवहारका विषय अघि सार्नुपर्ने बाध्यता आएपछि मिल्न पर्ने रहेछ । मिल्नका लागि पनि समयले साथ दिन पर्ने रहेछ । कोरोना कहरले सबैलाई शिथिल बनाएको छ अहिले । व्यक्ति, जाति र समूहलाई उचालेर वितण्डा मच्चाउने विदेशी शक्तिकेन्द्रहरु आफै सकसमा परेका हुनाले पनि लगानी गर्न सकेका छैन । विदेशी लगानी नआएपछि धेरै प्रायोजित संगठनको आम्दानी सुकेको छ । उचाल्नका लागि आउने, लगानी गरेर सघाउनेहरु उतै अल्मलिएका हुनाले पनि जातीय, क्षेत्रीय, भौगोलिक, भाषिक एवं साँस्कृतिक विविधताको दुरुपयोग गर्न चाहनेहरुका सपना चक्नाचूर भएका छन् । वार्ताका लागि आतुर हुनुको कारण पनि त्यही हो । सरकारको सकसको विषय त सार्वजनिक भएकै छ । द्वैको सकस समाधान गर्ने उपाय भनेकै वार्ता र सहकार्य हो । सहकार्य कतिदिन टिक्ला ? त्यसको भविष्यवाँणी त कसले पो गर्न सक्छ र ? सक्दैन ।

बलात्कार र फौजदारी न्याय प्रणाली

बलराम केसी

अचेल सञ्चारमाध्यममा बलात्कारका समाचार नआएको दिन प्रायः हुँदैन। बलात्कारपीडित कसैकी छोरी, कसैकी दिदी वा बहिनी हुन्। घटनापछि बलात्कारपीडित र परिवार तहसनहस हुन्छन्। 'ओन्ली द वेरर नोज ह्वेयर द सु पिन्चेज' अर्थात् लगाउनेलाई थाहा हुन्छ जुत्ताले कहाँ दुखाउँछ भनेर।

२०७७ मंसिर १९ को कान्तिपुर दैनिक हेर्दा पनि यो छर्लंग हुन्छ। समाचारको शीर्षक थियो– 'झस्किरहन्छन् सम्झनाका बहिनीहरू।' त्यसताका बाह्र वर्षकी सम्झना बलात्कारपछि मारिएकी थिइन्। उनका दस र आठ वर्षका दुई बहिनी रहेछन्। बाजे-बज्यैले पालेका रहेछन्। खेल्दाखेल्दै तर्सिई दिदी सम्झेर रुँदै घर आउने रहेछन्। निद्रामा पनि डराई बिउँझिएर दिदी सम्झेर तर्सिने रहेछन्। सम्झनाको बलात्कारपछि हत्यामा मुद्दा चले पनि पीडक पक्षबाट उल्टै पीडित परिवारलाई धम्क्याइँदो रहेछ। कुनै जानकार महिलाबाट ती दुई बच्चीलाई दिनहुँ काउन्सेलिङ गरिनुपर्ने हो तर तिनले त्यो सहुलियत पाएनन्, पाउँदैनन्। त्रसित वातावरणमा हुर्किएका ती दुई बालिकाको भविष्य कस्तो होला, अन्दाज गर्न सकिन्छ।

मारिने सम्झनाका लागि धारा १६(१) ले दिएको सम्मानपूर्वक बाँच्न पाउने हक त गयो, तर बाँचेका ती दुई बालिकाको बाल अधिकार – सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र नेपालको संविधानले दिएको बाल अधिकार – सरकारको नाकामीले गर्दा कागजमा सीमित रह्यो। कान्तिपुर दैनिकको मुखपृष्ठमा छापिएको रंगीन तस्बिरमा ती दुई बच्चीका आँखा रुँदारुँदा सुन्निएको अनुमान गर्न सकिन्छ। ती दुई बच्ची नेपालका हजारौं बलात्कारपीडित परिवारमध्येका हुन्। यस्ता घटनाहरू प्रधानमन्त्री धारा ७५(२) को शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनमा असफल भएका उदाहरण हुन्। तर प्रधानमन्त्रीलाई यसको मतलब छैन, केवल कुर्सी टिकाउनु छ।

बलात्कार बढ्दो छ तर सरकार चिन्तित छैन। हालै शीतलनिवासमा राष्ट्रपतिबाट अन्य नेतासँग भएको कुराकानी हेर्दा सरकारको ध्यान अन्यत्रै, अब पुनः संसद् कसरी विघटन गर्नेतिर गएको संकेत मिल्छ। महिलाको पीडाले महिला राष्ट्रपतिलाई नै छोएनछ। बढ्दो बलात्कार, बढ्दो महिला हत्याका घटनापछि, उत्तरदायी सरकार भए प्रधानमन्त्रीले राजीनामा गर्थे, राजीनामा नगरे पनि यसलाई 'वेकअप कल' मान्थे। प्रजातन्त्रमा 'बलात्कारशून्य रामराज्य' को समाज पाइँदैन। सम्पन्न, विकसित देशहरूमा पनि बलात्कारका घटना हुन्छन् तर त्यहाँका सरकारहरू उत्तरदायी हुन्छन्। अपराध बढेपछि नागरिकलाई सुरक्षा दिन नसकेको आफैं महसुस गर्छन्। प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रमुख सल्लाह गरेर सुरक्षाको कदम चाल्छन्। अध्ययन हुन्छ। कमजोरी पत्ता लाग्छ। सुधार सुरु हुन्छ। प्रहरीको संख्या थप गर्नुपर्ने हो कि ? अपराध-अनुसन्धान प्रणालीमा सुधार गर्नुपर्ने हो कि ? सीसीटीभी थप्नुपर्ने हो कि ? सडकमा बत्ती हाल्नुपर्ने हो कि ? समुदायमा आपराधिक चरित्र भएको, शंकास्पद व्यक्तिको निगरानी राख्नुपर्ने हो कि ? जे गर्नुपर्ने हो, गरिहाल्छन्। अदालतले पनि पीडित र पीडक परिवारलाई नधम्क्याउन, उनीहरूको घरनजिक नजान पीडकविरुद्ध निषेधाज्ञा जारी गर्छ। 'निषेधाज्ञा' मार्फत अदालतले पीडित परिवारको अभिभावकत्व लिन्छ। विकसित देशहरूका सरकारहरू हाम्राले जस्तो कानमा तेल हालेर बस्दैनन्। नत्र चुनावमा त्यस्तो सरकार फालिन्छ। नेपालमा हामी जनताको पनि दोष छ। काम नगर्ने, भाषण गरेर जनतालाई झुक्याउने नेतालाई पनि हामी फाल्न सक्दैनौं; पाल्छौं।

प्रजातन्त्रमा बलात्कार बढ्यो भन्दैमा 'आँखाका लागि आँखा' वा 'दाँतका लागि दाँत' का 'बार्बरिक जस्टिस' हुन सक्दैन। मुद्दाको नाम बलात्कार भन्दैमा स्वच्छ सुनुवाइ र कानुनबमोजिमको प्रक्रियाबाट पनि राज्य 'डेभियेट' हुनु हुँदैन। सुधार संविधानवाद र कानुनी शासनबाट खोज्नुपर्छ। पाँच वर्षभित्र केही गरेर देखाउँछु भन्ने इमानदार सरकार हुने हो भने बलात्कारको 'प्यान्डमिक' कम गर्न सम्भव छ। तर भाषणबाहेक काम केही नभएको देखिएकै हो। सरकार जसरी पनि पाँच वर्ष टिकेर 'रेकर्ड ब्रेक गरेको' देखाउने धुनमा छ, डेलिभरी गर्नेपट्टि छैन। राजनीति र नेता राम्रो र इमानदार हुने हो भने प्रहरीको संख्या बढाएर, अनुसन्धानमा सुधार गरेर, अपराधीलाई जेल हालेर, 'डिटरेन्ट इफेक्ट' सृजना गरेर बलात्कार घटाउन सकिन्छ। निर्मला पन्त, सम्झना कामी र भागरथी भट्टजस्ता हजारौंको ज्यान र 'भर्जिनिटी' राज्यले फिर्ता दिलाउन नसके पनि अपराधीलाई सजाय गरेर जीवित परिवारजनको घाउमा मल्हम लगाउन सक्छ। तर राज्य सञ्चालकमा प्रजातन्त्रको मन्दिर संसद् नै भत्काएर हुन्छ कि वा 'हर्स ट्रेडिङ' गरेर हुन्छ कि जसरी पनि कुर्सी नछाड्ने प्रवृत्ति देखिएबाट त्यस्तो आशा निराशामा परिणत हुन्छ। बलात्कार मानवताविरुद्धको अपराध हो। बलात्कारले पीडितको आर्थिक, सामाजिक, शैक्षिक, पारिवारिक, पेसागत, वैवाहिकलगायतका जीवनका सम्पूर्ण पक्ष र क्षेत्रलाई तहसनहस पार्छ।

बलात्कारपीडितलाई राज्यले मद्दत गर्न सक्छ र गर्नुपर्छ। यसका लागि फौजदारी न्याय प्रणालीमा व्यापक सुधार गर्नुपर्छ। संविधानको धारा २१ को फराकिलो व्याख्या गरी सम्झनाका दुई बहिनीलाई पनि पीडित मानेर राज्यले जिम्मा लिने कानुन बनाउनुपर्छ र जिम्मा लिनु पनि पर्छ।

फौजदारी न्यायमा सुधार

फौजदारी न्यायका तीन 'कम्पोनेन्ट' हुन्– प्रहरी, सरकारी वकिल र जिल्ला अदालत। यी तीनै निकायमा व्यापक सुधार आवश्यक छ। न्यायको मान्य सिद्धान्तको कसीमा हाल अनुसन्धान र अभियोजन पक्ष एक सय वर्षअगाडिको, 'जंगबहादुरको पाला' को जस्तै छ। फौजदारी न्याय प्रणाली



महिलालाई हिंसा र बलात्कारबाट बचाउने हो भने फौजदारी न्याय प्रणालीमा व्यापक सुधार आवश्यक र सम्भव पनि छ । स्वच्छ सुनुवाइको काउन्टर मेजर' प्रहरीले नअपनाउँदा अर्थात् अनुसन्धान जंगबहादुरको पालाको हुँदा निर्मला, सम्झना र भागरथीका हत्याराहरु फुत्किएका हुन्।

अपहेलित छ। संविधानको धारा ९५(२) अनुसार हुने संसद्मा राष्ट्रपतिको सम्बोधन एक वर्षमा सरकारले गर्ने कामको घोषणा हो, जसमा 'न्यायपालिका सुधार' को कुरा परेको होला तर फौजदारी न्याय प्रणाली पर्दैन। न्यायपालिका र फौजदारी न्याय प्रणाली दुई फरक विषय हुन्। न्यायपालिका सुधारभित्र फौजदारी न्याय प्रणालीको सुधार पर्दैन। हाम्रो संविधानको धारा ९५(२) जस्तै छ अमेरिकाको संविधानको धारा २ को उपधारा (३)। त्यहाँ पनि राष्ट्रपतिबाट दुवै संसद्लाई सम्बोधन हुने व्यवस्था छ, प्रत्येक जनवरी २० मा। तर, अमेरिकामा राष्ट्रपतिको सम्बोधनमा जहिले पनि फौजदारी न्याय प्रणालीको प्रसंग ल्याउँछन् र प्रत्येक वर्ष सुधार गर्दै जान्छन्। हामीकहाँ भने यो बेवास्तामा छ, सुधारको प्राथमिकतामा कहिल्यै पर्दैन।

फौजदारी न्याय प्रणालीको पृष्ठभूमि

नेपालको संविधानको धारा १२६(१) मा न्यायको मान्य सिद्धान्त छ, जसमा रहेर अदालतले न्याय गर्छ र अदालत विचलन हुन सक्दैन। 'सबुत प्रमाणमुखी' अभियोजन न्यायको मान्य सिद्धान्त हो। हाम्रो अनुसन्धान प्रणाली 'सबुत प्रमाणमुखी' छैन, हिरासतमा लिइएको व्यक्तिको 'बयानमुखी' छ। यसको पृष्ठभूमि हेर्नुपर्छ। सबभन्दा लामो समय टिकेको संविधान २०१९ सालको हो, जसमा मौलिक हक त थियो तर प्रभावकारी थिएन। अदालत स्वतन्त्र थिएन। कर्मचारी नै न्यायाधीश हुन्थे। प्रहरी शक्तिशाली थियो। शंका लागेमा जोसुकैलाई हप्काउन, पक्रिन सक्थ्यो। बयान गराउन पाउँथ्यो। वकिलहरू खासै थिएनन्। कायलनामा गराउन पाइन्थ्यो। अर्थात्, साबिती बयान। सरजमिन गर्ने चलन थियो;

गिरफ्तार व्यक्तिलाई हतकडी लगाई घटनास्थलमा लगेर एघार जनाभन्दा बढी मानिस जम्मा पारी थुनुवाको बयान पढेर सुनाई ती मानिसहरूसँग 'तपाईंहरूको राय के छ' भनी सोधिन्थ्यो। उनीहरूले 'अपराध गरेको शंका लाग्छ' भने प्रमाण त्यही हुन्थ्यो। पक्राउ परेको व्यक्तिले नाइँ भन्न पाउँदैनथ्यो। त्यही आधारमा मुद्दा चल्थ्यो। सजाय पनि हुन्थ्यो। २०३२ सालसम्म साक्षी अदालत जानुपर्दैनथ्यो। साक्षी परीक्षण र जिरह भन्ने थिएन। आज धेरै परिवर्तन आए पनि त्यही लिगेसी र ह्याङओभर ले छाडेको छैन। बानी त्यहींबाट बिग्रेको हो।

अमेरिका र बेलायतमा बिल अफ राइट र म्याग्ना कार्टाका कारण त्यहाँका संविधानमा दुई महत्त्वपूर्ण कुराहरू राखिए। एउटा, अमेरिकी संविधानको पाँचौं संशोधनमा 'सेल्फ इन्क्रिमिनेटिङ एभिडेन्स' विरुद्धको मौलिक हक अर्थात्

'आफ्नोविरुद्ध आफैं साक्षी हुन कर नलाग्ने' व्यवस्था राखे। छैटौं संशोधनमा अभियुक्तले सरकारी साक्षीलाई न्यायाधीशसमक्ष जिरह गर्न पाउने भनी मौलिक हकमा राखे। यसले गर्दा पक्राउ परेको मानिसले बयान दिन मानेन भने कर गर्न नपाइने भयो। प्रहरी प्रमाण जुटाउन बाध्य भयो। हाम्रोमा पक्राउ गर्न पनि पाइने र साबिती बयान गराउन पनि पाइने भयो। त्यही आधारमा अभियोग लगाउन पाइने भयो। 'हुने बिरुवाको चिल्लो पात' भनेझैं अमेरिका र बेलायतमा दुई सय वर्षअगाडिदेखि नै सबुत प्रमाणमुखी अभियोजन अनिवार्य भयो, हामीकहाँ बयानमुखी अभियोजनले स्थान पायो। त्यति मात्र होइन, अमेरिकामा सन् १९६२ मा 'मिरान्डा वार्निङ' थपियो अर्थात् अभियुक्तको हक। 'मिरान्डा वार्निङ' बमोजिम, प्रहरीले पक्रिएको मानिसलाई भन्नुपर्ने हुन्छ- 'तपाईं चुप लागेर बस्न सक्नुहुन्छ, जवाफ दिन कर छैन। जवाफ दिनुहुन्छ भने मात्र बयान गराउँछौं। तपाईं वकिल राख्न सक्नुहुन्छ। तपाईंसँग पैसा छैन भने हामी राखिदिन्छौं।' यति नगरीकन वकिल र उसको मञ्जुरीबिना बयान गराउन पाइँदैन। यस्तै, राज्यले मुद्दा चलाउँछ र त्यसका लागि 'पब्लिक डिफेन्डर अफिस' खडा गरेको छ, जसअन्तर्गत राज्य आफैंले मुद्दा चलाएको मानिसलाई आफ्नै खर्चबाट उसको प्रतिरक्षा गराउँछ। त्यसले गर्दा अमेरिकामा प्रहरी सबुत-प्रमाण संकलन गर्न बाध्य भयो। हामीकहाँ आफ्नै 'लिगेसी र ह्याङओभार' अझै व्याप्त छ। मान्य सिद्धान्त र स्वतन्त्र न्यायपालिकाका अगाडि आजको अनुसन्धान टिक्न सक्दैन र अभियोजन फितलो छ। यसले गर्दा वास्तविक अपराधीले पनि सफाइ पाउँछ। बलात्कारको अपराध बढ्नुको एउटा प्रमुख कारण हो यो। महिलालाई हिंसा र बलात्कारबाट बचाउने हो भने फौजदारी न्याय प्रणालीमा व्यापक सुधार आवश्यक र सम्भव पनि छ। स्वच्छ सुनुवाइको 'काउन्टर मेजर' प्रहरीले नअपनाउँदा अर्थात् अनुसन्धान 'जंगबहादुरको पालाको' हुँदा निर्मला, सम्झना र भागरथीका हत्याराहरू फुत्किएका हुन्।

गम्भीर अपराधमा सरकार आफैं वादी भएर मुद्दा चलाइन्छ। बलात्कारजस्तो अपराध अभियुक्त र पीडितबीचको असमान लडाइँ हो। लडाइँ किन भनिएको भने, संविधानको मौलिक हकको धारा २० र नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १४(३) जोड्ने हो भने अभियुक्तलाई अठारभन्दा बढी अधिकार प्राप्त हुन्छ। ती न्यूनतम हुन्, जसमा अझै 'मिरान्डा वार्निङ' थप्ने हो भने संख्या बाइस-पच्चीस पुग्छ। यी सहुलियत वा अधिकार जे भने पनि न्यायको मान्य सिद्धान्त, स्वच्छ सुनुवाइ र कानुनबमोजिमका प्रक्रिया नै हुन्। अभियुक्तका ती बाइसभन्दा बढी सहुलियतको 'काउन्टर' सक्षम, आधुनिक, विधि विज्ञान प्रयोगशाला र व्यावसायिक तालिमप्राप्त छुट्टै अपराध अनुसन्धान प्रहरी संगठन र व्यावसायिक सरकारी वकिलको उपलब्धता हो, जुन नेपालमा हाल छैन।

अमेरिकामा संविधान बन्दै अभियुक्तका पनि हकहरू तोकिएका छन्, जसलाई राज्यले रक्षा र सम्मान गर्नुपर्छ। राज्यले अभियोग लगाउने हो भने राज्यले नै प्रमाण पुऱ्याउनुपर्छ। कब्जामा लिएको व्यक्तिलाई जोरजुलुम गर्न हुँदैन। अमेरिकाको संविधानको धारा १ को उपधारा ९ मा बन्दी प्रत्यक्षीकरणको रिट कहिल्यै नियन्त्रण नहुने, पश्चात्दर्शी कानुन बनाउन नपाइने व्यवस्था छ। जबसम्म नेपालमा पनि फौजदारी न्याय प्रणालीको अपराध अनुसन्धानमा सुधार गरिँदैन तबसम्म निर्मला, सम्झना र भागरथीजस्ता हजारौं पीडित र तिनका परिवारहरूले दुःख पाइरहनेछन्।

सुधार सम्भव छ, तर राज्य सञ्चालक इमानदार हुनुपर्‍यो। उदाहरणका लागि, ९/११ को आतंकवादी आक्रमण अमेरिकाका लागि ठूलो चुनौती थियो। त्यति बेला अमेरिकामा होमल्यान्ड सेक्युरिटी थिएन, 'डिपार्टमेन्ट अफ इन्टेरियर' थियो। ९/११ लगत्तै सरकारले बाहिरी सुरक्षाका लागि होमल्यान्ड सेक्युरिटी खडा गऱ्यो। अहिले अमेरिकी सिमाना र विमानस्थलको सुरक्षामा अति कडाइ छ। चुनौतीको त्यसरी नै गर्नुपर्छ।

हाम्रो फौजदारी न्याय प्रणाली सुधारका लागि त्यस्तै इमानदारी र लगनशीलता आवश्यक छ। अदालतमा मुद्दाको पुर्पक्षमा बलात्कारजस्ता अपराध हेर्ने छुट्टै फास्ट ट्र्याक अदालत गठन हुनुपर्छ। बलात्कारजस्ता फौजदारी मुद्दाको मुटु भनेको वकिलको बहस होइन, अदालतमा पीडित र साक्षीको बकपत्र हो। हाल अदालतमा बकपत्रका नाममा झारा तिर्ने काम भएको छ। बन्द इजलासमा न्यायाधीश आफैंले मुद्दा छिन्ने काम बन्द गरेर पीडितलगायत साक्षीहरूले बकेको न्यायाधीश आफैंले हेर्नुपर्छ। यति सुधार गर्ने हो भने बलात्कारको अभियुक्त सजायबाट मुक्त हुन सक्दैन। सजाय पाउनेको प्रतिशत बढ्छ, जेल जानेको संख्या बढ्छ र अपराध कम हुन सक्छ। अर्कोतिर, हालको प्रहरी अनुसन्धानलाई वीर अस्पतालसँग तुलना गर्न सकिन्छ। तीस-चालीस वर्षअगाडिसम्म उपत्यकामा सबै रोगको उपचार वीर अस्पतालले गर्थ्यो। टाउको, पेट, छाती, मुटु, मृगौलालगायत भएभरका रोगको एउटै अस्पताल र डाक्टरले उपचार गर्थे। विशिष्टीकृत डाक्टर र अस्पताल थिएनन्। आजको जमानामा सबैजसो रोगका लागि डाक्टर र अस्पताल विशिष्टीकृत छन्। आज पेटको बिरामीलाई गंगालाल अस्पतालले सायदै लेला, उसैले उक्त बिरामीलाई अर्को अस्पतालमा रेफर गर्ला। अपराध अनुसन्धान पनि तीस-चालीस वर्षअगाडिको शैलीले अब चल्दैन। प्रहरीसमक्ष दिएको साबिती बयान र सरजमिनमा एघार जनाबाट शंका लाग्छ भनेर लेखाएका भरमा अदालतले सजाय गर्दा कति न्याय भयो, कति अन्याय भयो होला ! जसरी अस्पतालहरू विशिष्टकृत भए, अपराध अनुसन्धानका लागि पनि त्यसरी नै छुट्टै अपराध अनुसन्धान प्रहरी गठन गर्नुपर्छ।

एसिडपीडितलाई राहत दिने र पीडकलाई सजाय बढाउने अध्यादेश हालै जारी गरेर प्रधानमन्त्रीले राम्रो गर्नुभयो, तर यसले घरेलु हिंसा र बलात्कारजस्ता महिलाविरुद्धका गम्भीर अपराधहरूमा राज्यले अझै रोग पत्ता लाउन नसकेको देखाउँछ। सजाय बढाउनु आफैंमा नराम्रो होइन; रोग एउटा, उपचारचाहिँ अर्को भयो। निर्मला, सम्झना र भागरथीजस्ता हजारौंका हत्यारा सजायमा कमी वा दण्डनीय कानुन नभएर फुत्किएका वा पत्ता नलागेका होइनन्; प्रमाण संकलन गरी पीडकलाई सजाय माग गरेर अदालतमा अभियोगपत्र पुऱ्याउने प्रक्रियाको कमजोरीले त्यस्तो भएको हो। यसमा सुधार हुनुपर्छ र यो सम्भव छ। केवल प्रधानमन्त्रीको ध्यान दिनहुँ आउने बलात्कारसम्बन्धी समाचारहरूमा र संविधानको धारा ५१(ञ)(२) मा जानुपर्‍यो। एसिडपीडकलाई सजाय बढाएर मात्र जिम्मेवारी पूरा हुँदैन;ध्यान धारा ५२, ५३ र ५४ मा पनि जानुपर्‍यो। धारा ५२ मा मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने कुरा छ। कोही बलात्कृत हुनु र मारिनु तर बलात्कारी र हत्यारा पत्ता नलाग्नु पीडितको मानवअधिकार उल्लंघन मात्र होइन, सरकार असफल भएको प्रमाणसमेत हो। धारा ५३ मा धारा ५२ को कार्यान्वयन र उपलब्धिको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उल्लेख छ। तर अवस्था के छ, कसैलाई थाहा छैन। सायद धारा ५३ कहिल्यै कार्यान्वयन भएन। धारा ५३ कार्यान्वय नभएकाले धारा ५४ क्रियाशील हुने कुरा भएन। यी तीन धाराले नै नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनमा प्रधानमन्त्रीलाई

(बाँकी ३ पेजमा>>>)

बलात्कार...

असफल प्रमाणित गर्छन्। प्रधानमन्त्रीले निर्मला, सम्झना र भागरथीलगायतका हजारौंका आत्मा र तिनका बाबुआमा, दाजुभाइ र दिदीबहिनीहरूलाई जवाफ दिनुपर्ने होइन र? महिलाको संख्या जनसंख्याको ५० प्रतिशतभन्दा बढी छ। प्रत्येक बलात्कार र महिला हिंसाले ५१ प्रतिशत महिलालाई झस्काउँछ।

सुधार यसरी गरौं

छुट्टै अपराध अनुसन्धान प्रहरी गठन गरौं। आधुनिक विधि विज्ञान प्रयोगशाला स्थापना गरौं। बलात्कारपीडित महिलाका लागि फास्ट ट्र्याक कोर्ट गठन गरौं। जिल्ला अदालतको न्यायाधीश आफैंले साक्षी बकाउने काम गरौं। पाएसम्म भारतको जिल्ला अदालतमा जस्तो बलात्कारको अपराधमा अनुसन्धान गर्ने र मुद्दा सुन्ने काम महिला प्रहरी र महिला न्यायाधीशबाटै गर्ने योजना बनाऔं र क्रमैसँग लागू गर्दै जाऔं। पीडित र पीडितको परिवारलाई तालिमप्राप्त व्यक्तिबाट काउन्सेलिङ गरौं। पीडित र पीडितका आश्रितलाई धारा २१ को उदार व्याख्या गरेर आर्थिक र भौतिक सुरक्षा दिने व्यवस्था गरौं।

हालै सर्वोच्च अदालत बार एसोसिएसन कानुन व्यवसायी महिला समिति र जुरी नेपालले 'बढ्दो बलात्कार सम्बन्धमा' कार्यशाला गोष्ठी गरेका थिए। त्यसमा सबैजसो कानुन व्यवसायी महिला संलग्न थिए, जो आफू महिला भएको र पेसा कानुन व्यवसाय भएकाले कानुनमा कहाँ र कस्तो कमजोरी छ भन्नेबारे जानकार थिए। त्यसैले सरकार कर्मचारीतन्त्रबाट अलि बाहिर निस्किनुपर्‍यो र सर्वोच्च अदालत बार एसोसिएसनका ती कानुन व्यवसायी महिलाहरूलाई 'भ्रोतव्यक्ति' सम्झेर बलात्कार र घरेलु हिंसा सम्बन्धमा कहाँ के सुधार चाहिने हो, अध्ययन गराएर प्रतिवेदन कार्यान्वयन गर्नुपर्‍यो। बलात्कारपीडित महिलालाई अनि न्याय दिन सकिन्छ।

(बिहीबार प्रकाशित हुने कान्तिपुरको प्रिन्ट संस्करणबाट) -कान्तिपुरबाट

बाणगंगा नगरपालिका वडा नम्बर २ को वडाबासीहरूलाई हार्दिक अनुरोध

व्यतिगत घटनाहरु जस्तै जन्म, मृत्यु र बिवाहको वडा कार्यालमया समयमै दर्ता गराऔं।
शौचालयमा दिसा पिसाब गरौ र साबुन पानीले हात धोऔं।
भीडभाडमा जादा मास्कको अनिवार्य प्रयोग गरौ।
वडालाई स्वच्छ र हराभरा बनाउन सरफाईमा बिशेष ध्यान दिऔं।
पशुपंक्षीहरुलाई छाडा नछाडौं।

अनुरोधक
विष्णु पौडेल
वडाध्यक्ष

श्री आधारभुत विद्यालय

सितगंगा नगरपालिका ११ अर्घाखँची

शिक्षक आवश्यकता

श्री बुद्ध आधरभुत विद्यालय शितगंगा नगरपालिका वडा नं ११ लुडरी,अर्घाखाँचीमा रिक्त रहेको प्रा.वि तृतिय श्रेणी (महिला) दरबन्दी १ जना अस्थायी करारमा नियुत्ति गर्नु पर्ने भएकाले ईच्छुक नेपाली नागरिक वाट दरखास्त आह्वान गरिन्छ।

तपशिल :

१ विज्ञापन नं १/२०७७/०७८ , २ पदः शिक्षक (महिला)

३ तह : प्रा.वि तृतिय , ४ किसिम : अस्थायी करार , ५ आवेदन दस्तुर : रु १०००। एक हजार मात्र

६ उमेर : १८ वर्ष पुरा गरी ४० ननाघेको

७ शैक्षिक योग्यता : प्रविणता प्रमाणपत्र तह वा सो सरह

८ दरखास्त दिने अन्तिम मिति : २०७७/१२/३० सम्म

९ सम्पर्क मिति : २०७७/१२/३१ गते ,१० परिक्षा मिति र केन्द्र सम्पर्क मितिको दिन तोकिने छ।

११ परिक्षाको किसिम : लिखित तथा अन्तरवार्ता

१२ पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोकेबमोजिम

१३ परिश्रमिक : नेपाल सरकारको प्रचलित नियम अनुसार

१४ आवश्यक कागजातहरु

- नेपाली नागरिकताको प्रतिलिपी
-स्थायी अध्यापन अनुमतीको प्रतिलिपी
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलपी

प्राथमिक तहमा शिक्षक सेवा आयोगको अर्घाखाँची जिल्लाको करार सुचि २०७६ मा सिफारिस भएका महिला उम्मेदवारको दरखास्त पर्न आएमा अन्य महिलाको दरखास्त फाईल दस्तुर फिर्ता हुनेछ।

सम्पर्क : ९८४७३६०१७७,९८४७३९६४५६,९८५७९३६४८१

ग्राहक बन्नु परेमा र पत्रिका नआएमा हामीलाई सम्पर्क गर्नु होला।
सम्पर्क नं.०७६५५०२६०

सरकारको निर्णय स्थानीय तहद्वारा उल्लङ्घन

रुपन्देही १८ चैत्र

वायु प्रदूषणबाट बालबालिकाको स्वास्थ्यमा नकारात्मक असर नपरोस् भन्ने उद्देश्यले संघीय सरकारले चार दिन विद्यालय बन्द गर्ने निर्णय गऱ्यो। उक्त निर्देशन रुपन्देहीका स्थानीय तहका अधिकांश शैक्षिक संस्थाले भने उल्लंघन गरेका छन् ।संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चैत १६ गते नै देशभरका शिक्षण संस्था चार दिन बन्द गर्ने निर्णय गरेको थियो।

तर रुपन्देहीमा यो निर्णय लागू भएको छैन । संघीय सरकारको निर्णय बेवास्ता गर्दै रुपन्देहीको बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, शुद्धोधन गाउँपालिकालगायतका विद्यालयहरू पूर्ववत् अवस्थामा सञ्चालन भएका छन् ।बुटवल उपमहानगरपालिकामा सामुदायिक विद्यालयले सरकारको निर्देशन पालना गरेपनि निजी विद्यालयहरूले भने कक्षा सञ्चालन गरेका छन् । तिलोत्तमामा सामुदायिक र निजी दुवैथरी विद्यालय सञ्चालनमा छन्।

शुद्धोधन गाउँपालिकाले सूचना नै जारी गरेर विद्यालय बन्द नहुने जानकारी गराएको छ। वायु प्रदूषणको असरबाट जोगिन अत्यावश्यक काम वाहेक घर बाहिर निस्कन नहुने, मास्कको प्रयोग अनिवार्य गर्नुपर्ने र सकभर चस्माको समेत प्रयोग गर्नुपर्ने चिकित्सकले सुझाव छ । तर रुपन्देहीमा संघीय सरकारको निर्णय अटेर गरी सञ्चालन गरिएका विद्यालयहरूमा यी सुरक्षा उपाय समेत अपनाइएको छैन।

विद्यार्थी विना मास्क विद्यालय जाने आउने गरेका छन् । रुपन्देहीमा वायू गुणस्तर सूचकांक सरदर १३५ एक्यूआई रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका वातावरण निरीक्षक निर्मल चौधरी बताउँछन्। प्रदूषणको यो मात्रा संवेदनशील जनसंख्या (बालबालिका, बृद्धबृद्धा) का लागि जोखिमयुक्त रहेको चौधरीले बताए।

'काठमाडौंमा भन्दा कम भएपनि रुपन्देहीको वायू प्रदूषणको मात्रा मानव स्वास्थ्यका लागि स्वच्छ छैन, त्यसैले प्रदूषणको असरबाट जोगिनैपर्छ', प्याब्सन रुपन्देहीका अध्यक्ष लेखनाथ पौडेल स्थानीय तहहरुको निर्णयमा एकरुपता नभएकाले कतै विद्यालय खुल्ने, कतै बन्द हुने अवस्था आएको बताउँछन्।

'प्याब्सनले संघीय सरकारको निर्देशन पालना गरौं भनेको छ, तर कतिपय स्थानीय तहले आफै सूचना निकालेर विद्यालय सञ्चालन गर्ने भनेका छन्', पौडेलले भने, 'स्थानीय सरकारकै कारण अन्योल देखियो ।' तिलोत्तमा नगरपालिकाका शिक्षा शाखा प्रमुख गंगाराम आचार्यले संघीय शिक्षा मन्त्रालयको निर्देशन सबै विद्यालयले पालना गर्लान् भनेर छुट्टै सूचना निकालेर विद्यालय बन्द गर्न नभनिएको बताए।

'तर केन्द्रको निर्देशन पालना भएको देखिएन, अब वातावरणमा सुधार नआए आइतबार अगावै नयाँ निर्णय गर्नुपर्ने हुन्छ', उनले भने। वायू प्रदूषणले आँखा पोल्ने, आँखा बिझाउने, चिलाउने, खोकी लाग्ने समस्या सुरु भइसकेको बुटवल कालिका क्याम्पसका प्रमुख घनश्याम पाठकले बताए ।'वायू प्रदूषणको असर देखिन थालेको छ, बालबालिकाको स्वास्थ्य भन्दा ठूलो केही होइन'पाठकले भने, 'हामीले सरकारको निर्देशन अनुसार विद्यालय र क्याम्पस दुबै बन्द गरेका छौं, तर सबैले पालना गरेको देखिएन।'

वायु प्रदूषण कोभिड-१९ संक्रमित, बालबालिका र वृद्धका लागि घातक हुने लुम्बिनी प्रादेशिक अस्पतालका कन्सल्ट्यान्ट फिजिसियन डा. सुदर्शन थापा बताउँछन् । वायु प्रदूषणले तत्काल खास ठूलो असर नदेखाए पनि दीर्घकालीन रूपमा फोक्सोको क्यान्सर, मुटुको समस्या, श्वासप्रश्वासको समस्या बल्झाउने भएकाले बिनाकारण घर बाहिर ननिस्कने, गुणस्तरीय मास्कको प्रयोग अनिवार्य गर्नुपर्ने डा। थापाको सुझाव छ।

देशका विभिन्न स्थानको डढेलो, पेट्रोलियम पदार्थबाट चल्ने गाडीहरुले निकाल्ने धुँवा र उद्योगहरूले उत्सर्जन गर्ने कार्बन मोनोअक्साइड ग्यासका कारण वायु प्रदूषण बढेको वातावरणीय सचेतना तथा कानूनी जनसरोकार मञ्च ९फिल्पेक०का अध्यक्ष अधिवक्ता जीवनारायण अधिकारी बताउँछन् । यस्तो अवस्थामा सरकारको निर्णय कार्यान्वयन हुनुपर्नेमा यहाँका कतिपय शैक्षिक संस्थाले त्यो नगरेकोमा उनले चिन्ता व्यक्त गरे।

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
नुवाकोट, अर्घाखाँची।

सिलवन्दी दरभाउपत्र आह्वान

प्रकाशित मिति २०७७/१२/१९

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमका विभिन्न वस्तु तथा सामग्रीहरुको आपूर्ति सम्बन्धी कार्यसिलवन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ता व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७७/०७८ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९०००००००१३ जि.ई खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्र/दरभाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्रफाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००००४ जि.इ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्रखरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९९८६/९८५७०६९९८२मा सम्पर्क गर्नवा bhumikasthanmunicipality@gmail.comमा पठाउन सकिनेछ।

७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

तपसिल:

ठेक्का नं.	ठेक्काको नाम	परिमाण	दरभाउपत्र दस्तुर रु.	विडबण्ड रकम रु.	विडबण्ड मान्य अवधि	खरिद अन्तिम मिति र समय	दाखिला गर्ने मिति र समय	खोल्ने मिति र समय
52/BMA/G/CGI /2077/078	रंगिन जस्तापाता खरिद तथा आपूर्ति कार्य	९२ वण्डल	१०००.००	२७५००	७५ दिन	२०७८/०१/०२ कार्यालय समय भित्र	२०७८/०१/०३ १२:००बजे भित्र	२०७८/०१/०३ दिउँसो १:००बजे
54/BMA/G/MS /2077/078	औषधी तथा स्वास्थ्य सुरक्ष सामग्री खरिद तथा आपूर्ति कार्य	-	१०००.००	२१५००				
59/BMA/G/SP /2077/078	प्लाष्टिक टनेल खरिद तथा आपूर्ति कार्य (९० जिएसएम, ६ मी × १० मी).	२५७ पिस	१०००.००	३५०००				

हात्तीपाईले रोग विरुद्ध औषधी खाने वारे अत्यन्त जरुरी सूचना

१. यही मिति २०७७ चैत्र २० शुक्रवारका दिन आफ्नो वडाको पायक पर्ने स्थानमा गई स्वास्थ्य कर्मीद्धारा खुवाइने निशुल्क हात्तीपाईले रोग विरुद्ध औषधी खानुहोस।

२. हात वा खुट्टा सुन्निनु, अण्डकोष सुन्निनु, महिलाहरुको स्तन सुन्निनु हात्तीपाईले रोगको प्रमुख लक्षण हुन।

३. यो औषधी दुई वर्ष मुनिका वालवालिकाहरु,गर्भवती र सात दिनसम्मका सुत्केरी आमाहरु,अति कुपोषित बच्चाहरु र कडा रोग लागेका सिकिस्त विरामीहरु बाहेक सम्पूर्ण व्यत्तीहरुले एक मात्रा अषैधी सेवन गरि हात्तीपाईले रोगबाट आफु र आफ्नो परिवारलाई सुरक्षित राखौं र हात्तीपाईले (फाइलेरिया) रोगलाई नेपाल तथा विश्ववाट निवारण गरौं।

अनुरोधक: जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु

बर्दघाट नगरपालिका
नगरकार्यपालिकाको कार्यलय बर्दघाट नवलपरासी

सन्देशमुलक अनुरोध

१. खेतबारि बाँझो नराखौं। उत्पादनमा जोड दिऔं । उत्पादन बृद्धि गरौं।
२. खेति गर्दा प्राङ्गरिक मल प्रयोग लाई प्राथमिकता दिऔं। अर्ग्यानिक कृषि उत्पादनमा लागौं ।
३. स्थानीय जातका बिउबिजनको संरक्षण गरौं। आत्म निर्भता बृद्धि गरौं।
४. मध्यपान त्यागौं दुग्धपान गरौं, स्वस्थ्य बनौं । व्यवसायीक पशुपालनमा जोड दिऔं।
५. कृषि तथा पशुपालन गरौं, स्वरोजगार बनौं । समृद्ध नगर बनाउन सहयोग गरौं।
६. व्यवसायिक खेति तथा पशुपालनमा प्रबद्धनलाई सहयोग गरौं। आयत प्रतिस्थापनमा लागौं ।

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

दाङमा प्रदेश निर्वाचन कार्यालय

दाङ १८ चैत

लुम्बिनी प्रदेशको दाङमा प्रदेश निर्वाचन कार्यालय स्थापना भएको छ। संघीय संरचना अनुसार सातै वटै प्रदेशमा प्रदेश निर्वाचन कार्यालय स्थापना गर्ने योजना अनुरुप दाङमा प्रदेश निर्वाचन कार्यालय स्थापना गरिएको प्रदेश निर्वाचन अधिकारी निमराम भट्टराईले जानकारी दिनु भएको छ ।कार्यालयको भर्चुअल मार्फत प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले उद्घाटन गर्नुभएको हो ।यस अघि दाङमा जिल्ला निर्वाचन कार्यालय रहेको थियो। सोहि कार्यालयलाई हाल प्रदेश निर्वाचन कार्यालयका रुपमा स्थापना गरिएको निर्वाचन अधिकारी भट्टराईले जानकारी दिनुभएको छ ।उहाँका अनुसार कार्यालयले हाल जिल्ला निर्वाचन कार्यालयले गर्दै आएको कामसहित थप प्रदेश स्तरिय समन्वय तथा सहकार्य गर्नेछ। दाङमा हाल तीन लाख ५० हजार भन्दा बढि मतदाता रहेका छन्।

स्वास्थ्य स्वंयम सेविकालाई १८ दिने तालिम

गुल्मी १८ चैत

गुल्मीमा स्वास्थ्य स्वंयम सेबिका छनोट भई तालिम नपाएकाहरुलाई १८ दिनको तालिम प्रदान गरिएको छ।

समुदाय परिचालनको भुमिका निर्वाह गर्ने तर तालिम नपाएका स्वास्थ्य स्वंयम सेबिकाहरुलाई तालिम प्रदान गरिएको स्वास्थ्य कार्यालय गुल्मीका डाक्टर भवानीप्रसाद शर्माले जानकारी दिनुभयो।

दूई चरणमा गरी मुसिकोट नगरपालिका र मालिका गाउँपालिकाका ४६ जना स्वंयम सेबिकाहरुलाई तालिम प्रदान गरिएको छ भने धुर्कोट गाउँपालिकामा सुरुवातको चरणमा रहेको शर्माको भनाई छ । यस्तै कालीगण्डकी , गुल्मीदरबार र छत्रकोट गाउँपालिकाका स्वास्थ्य स्वंयम सेबिकाहरुलाई पनि तालिम प्रदान गर्ने गरि लागेको स्वास्थ्य कार्यालय गुल्मीले जनाएको छ।

मुसिकोट नगरपालिकाका स्वास्थ्य स्वंयम सेबिकाहरुलाई तामि दिदै गर्दा र तालिम पश्चातको सामुहिक तस्बिरः तिलाचन पाण्डे

स्थानीय स्तरमा आमा र बच्चाको बारेमा स्वास्थ्य सम्बन्धी ज्ञान ,प्राथमिक स्वास्थ्य प्रदान र पोषण सम्बन्धी तालिममा सिकाइएको स्वास्थ्य कार्यालय गुल्मीका फोकल पर्सन श्रीकृष्ण भट्टराईले जानकारी दिनुभयो।

६० बर्ष उमेर कटेकालाई २० हजार नगद सहित बिदाई

६० बर्ष उमेर कटेका स्वंयम सेबिकाहरुलाई २० हजार नगद र सम्मान सहित बिदाई गर्न लागिएको स्वास्थ्य कार्यालय गुल्मीले जनाएको छ।

लामो समय सम्म स्थानीय स्तरमा रहेर काम गरेका र ६० बर्ष उमेर कटेका ८० जना स्वंय सेबिकाहरुलाई बिदाई गर्न लागिएको डाक्टर भवानीप्रसाद शर्माले जानकारी दिनुभयो।

स्थानीय तहको सिफारिसको आधारमा उनीहरुको खातामा रकम पठाउन लागिएको कार्यालयले जनाएको छ।

काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरुमा एन्टीजेन परीक्षण गरिने

काठमाडौं १८ चैत

सरकारले नयाँ प्रजातिको कोरोना भाइरस फैलिएको भन्दै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरुमा एन्टीजेन परीक्षण गरिने जनाएको छ । स्वास्थ्य मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रिस्तरीय बैठकको निर्णय सुनाउँदै प्रवक्ता डा. जागेश्वर गौतमले काठमाडौं प्रवेश गर्ने बिन्दूहरुमा एन्टीजेन परीक्षण गर्ने बताउनुभयो। सरकारले सबै जिल्ला प्रशासनहरुलाई जिल्लाभित्र भेला, सभा जुलुसहरु रोक्नका लागि ताकेता सहितको निर्देशन दिने निर्णय गरेको छ। पछिल्लो २४ घण्टामा थप १ सय ६२ जना कोरोना सङ्क्रमित थपिएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ३ हजार ९ सय १९ मा पिसिआर गर्दा १ सय ६२ जनामा कोरोना पुष्टि भएको हो। योसँगै नेपालमा कोरोना सङ्क्रमितको संख्या २ लाख ७७ हजार ३०९ पुगेको छ। पछिल्लो २४ घण्टामा ५९ जना सङ्क्रमित सङ्क्रमणमुक्त भएका छन्। योसँगै नेपालमा सङ्क्रमणमुक्त हुनेको संख्या दुई लाख ७२ हजार ७८६ पुगेको छ।

कुनै पनि व्यक्तिले जात, जाति र अन्तरजातीय विवाहका आधारमा परिवारका सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने, गाउँ निकाला गर्ने, त्यस्ताबाट जन्मिएका सन्तानको न्वारान नगर्ने जस्ता भेदभावपूर्ण कार्य गर्नु, गराउनु हुँदैन । त्यस्तो कार्य गर्ने व्यक्तिलाई जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन, २०६८ बमोजिम तीन महिना देखि तीन वर्षसम्म कैद वा एक हजार देखि पच्चीस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

रेडियो कर्मचारीद्वारा महासंघमा उजुरी

गुल्मी १६ चैत

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको सामुदायिक रेडियो स्काई एफ्.एम्. ९०.४ मेगाहर्जले पारिश्रमिक नदिएको भन्दै कर्मचारीले पत्रकार महासंघ, गुल्मीमा उजुरी दिएका छन्।

रेडियोमा कार्यरत गगनसिंह सिंजाली, गोविन्द बस्नेत, सुनिल विश्वकर्मा, निशु पन्थ र शारदा सुनामले रेडियो स्काईमा काम गरेबापतको पारिश्रमिक नपाएको भन्दै नेपाल पत्रकार महासंघ गुल्मी शाखामा सोमबार उजुरी दिनुभएको हो।

०७५ सालदेखि कार्यरत कर्मचारीहरुले हालसम्म नियुक्ति पत्र समेत पाएका छैनन् । पारिश्रमिकको विषयमा संचालक समितिसँग पटक-पटक जानकारी गराउँदा कतिपयले फोन नउठाउने गरेको कर्मचारी सिंजालीले बताउनुभयो।



श्री अध्यक्ष ज्यू,
नेपाल पत्रकार महासंघ गुल्मी ।

मिति : ०७७/१२/१६

बिषय : आवश्यक सहजीकरण गर्दिनुहुन ।

प्रस्तुत बिषयमा तपसिलका व्यक्तिहरु ०७५ सालदेखि सामुदायिक रेडियो स्काई ९०.४ मेगाहर्जमा कार्यरत छौं । रेडियोमा प्रवेश गरेदेखि हामीले रेडियोले तोकेको कार्यक्रम र प्राविधिक लगायतका कामहरु नियमित रुपमा संचालन गरिरहेका छौं । रेडियो तालिमबाट छनोट पश्च्यात ६ महिना भोलिन्टीयर भएिकाले त्यो चरण पनि सौहार्दपूर्ण रुपमा पुरा गरेर त्यसपछिको समय रेडियोले तोक्ने पारिश्रमीकको प्रतिक्षामा अहिलेसम्म प्रतिक्षा गर्यौं । तर, अहिलेसम्म कुनै दिन पारिश्रमीकको बारेमा रेडियो जिम्मेवार छैन् । रेडियो वा अरु कुनै संस्थाको निमानुसार दिइने नियुक्ति पत्र समेत प्रदान गरिएको छैन् । जसका कारण हामी जस्ता श्रमजिवि संचारकर्मी कोभिडको संक्रमणले लकडाउनको बेला भोकै बस्ने अवस्था समेत सृजना हुँदा रेडियोले शब्दले समेत हाम्रीहरुलाई केहि गरेन । अझै भनौ दशै तिहार लगायतका चाडपर्वमा समेत एक रुपैयाँ नदिएका कारण निराश बनेर घर पुगेका बिडम्बना समेत जानकारी गराउन चाहान्छु । नियमित पारिश्रमीक नपाएका कारण काम छोड्ने र संचालकको बिरुद्धमा बोल्न नसकेर बाध्यतामा काम गरिरहेका अरु थुप्रै साथीहरु पनि छन् । पारिश्रीमकको बिषयमा रेडियो संचालक समितिसंग पटकपटक जानकारी गराएका छौं । तर, अहिलेसम्म पारिश्रमीकको बिषयमा संचालकहरु गम्भिर छैनन् । धेरै पटक फोन गरे पनि अहिले कसैले उठाउने गर्नुहुँदैन । तसर्थ अध्यक्ष ज्यू श्रमजिवी पत्रकार ऐन कार्यान्वयन गर्ने संस्था पत्रकार महासंघ भएकाले संचारकर्मीको यो बिडम्बनाको बारेमा यहाँको ध्यानाकृष्ट गराएका छौं । यो निवेदन उपर तत्काल रेडियो संचालकसंग समन्वय र छलफल गराई पारिश्रमीक उपलब्ध गराउने बिषयमा यहाँको सकरात्मक कदमको अपेक्षा गरेका छौं ।

निवेदकहरु
गगनसिंह सिंजाली,गोविन्द बस्नेत, सुनिल विश्वकर्मा ,नीशु पन्थ र शारदा सुनामे

गगनसिंह सिंजाली,गोविन्द बस्नेत, सुनिल विश्वकर्मा ,नीशु पन्थ र शारदा सुनामे

गगनको ४० हजार, सुनिलको ४३ हजार र गोविन्दको ३३ हजार रेडियोले भुक्तानी गर्नुपर्ने र अन्यको हिसाब समेत नगरिएको सिंजालीको भनाई छ।

नेपालीहरुको महान पर्व दशैं, तिहार र तिजमा समेत एक रुपैंया पनि नदिएर निराश भई रित्तो हात घर गएको तथा पारिश्रमिक नपाएका कारण काम छोड्ने अवस्थामा पुगेको र संचालकको विरुद्धमा बोल्न नसकेर बाध्यतामा अन्य कर्मचारीहरुले पनि पीडा सहैरै काम गर्नुपरेको निवेदनमा उल्लेख गरिएको छ।

यस सम्बन्धमा रेडियो संचालक समिति सचिव गोविन्द गौतमले यस बिषयमा आफुलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिनुभयो।

यता रेडियो संचालनको ठेक्का लिएका प्रकाश घिमिरेले पहिले संस्था चलाउने भन्दै पारिश्रमिकको बिषय पछि हुने बताउनुभयो । तर उनीहरुको पारिश्रमिक कहिँ कतै नजाने भन्दै विस्तारै दिने उहाँले बताउनुभयो । पत्रकार महासंघमा उजुरी परेको छ नि भन्ने बिषयमा उहाँले पत्रकार महासंघले नै पारिश्रमिक देला त भन्दै हचुवा जवाफ दिनुभयो।

यता नेपाल पत्रकार महासंघ गुल्मीका अध्यक्ष नवराज भुसालले संचार मध्यममा काम गर्ने कर्मचारीको श्रम शोषण हुन नदिने बताउनुभयो । भुसालले संचालक समितिसंग तत्काल छलफल गर्ने र पारिश्रमिक दिलाउनका लागि आफूले पहल गर्ने बताउनुभयो।

कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही